# भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक ।

**मिति २०८१/०५/१९ गतेको गाउँ कार्यपालिकाको २ औं बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | चालु आ.व. २०८१/०८२ को हालसम्मको प्रगति समिक्षा सम्बन्धमा । | |
| ३. | आगामी आ.व. २०८१/०८२ को लागि श्रम रोजगार बैङ्क कार्यक्रमका आयोजना स्वीकृत सम्बन्धमा । | |
| ४. | ४ र ५ नं. वडा कार्यालय भवन छाना हटाउने र ढलान गर्ने सम्बन्धमा । | |
| ५. | विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ माथि छलफल तथा स्वीकृत सम्बन्धमा । | |
| ६. | बेस्तडा धौलेखोला सडक मर्मत सुधार कार्य सम्बन्धमा । | |

**मिति २०८१/०५/१९ गतेको गाउँ कार्यपालिकाको दोस्रो बैठकबाट भएका निर्णयहरुः**

१. यस गाउँ कार्यपालिकाबाट अघिल्ला बैठकमा भएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

२. चालु आ.व. २०८१/०८२ को हालसम्मको प्रगति समिक्षा गरियो । आयोजना तथा कार्यक्रम समयमा नै सुरु गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

३. चालु आ.व. २०८१/०८२ को लागि श्रम रोजगार बैङ्क कार्यक्रमका आयोजना देहाय बमोजिम स्वीकृत गर्ने ।

**तपसिलः**

| क्र.सं. | आयोजनाको नाम | स्थान | रकम |
|---|---|---|---|
| १. | जाम नाउला रामचौर सातमुले सडक स्तरोन्नती | वडा नं. १ | ८०००००। |
| २. | चौरकान्ला चौगढी सडक निर्माण | वडा नं. १ | ६०००००। |
| ३. | वडा कार्यालय घेरवार र ग्याबियन जाली | वडा नं. २ | ८०००००। |
| ४. | जगनाथ प्रा वि खानेपानी निर्माण | वडा नं. २ | ३०००००। |
| ५. | लामकाफल मन्दिर निर्माण तथा मर्मत | वडा नं. २ | ३०००००। |
| ६. | मेतलपाटा डाँडा कटेरा सडक निर्माण | वडा नं. ३ | १४०००००। |
| ७. | सान्तडा-घुम्ने-तुर्सु सडक स्तरोन्नती | वडा नं. ४ | १४०००००। |
| ८. | वडा कार्यालयको फिल्ड निर्माण | वडा नं. ५ | १२०००००। |
| ९. | स्यालीकाटे मलामी प्रतिक्षालयमा खानेपानी निर्माण | वडा नं. ५ | २०००००। |
| १०. | सनिगाउँ खोप केन्द्र भवन निर्माण | वडा नं. ६ | १४०००००। |
| ११. | हुइकेरी-डाँडागाउँ मौरीगाडा सडक निर्माण | वडा नं. ७ | ९०००००। |

| क्र.सं. | आयोजनाको नाम | स्थान | रकम |
|---|---|---|---|
| १२. | बाईचिपिन सिंचाई निर्माण | वडा नं. ७ | ५०००००। |

४. यस भगवतीमाई गाउँपालिका अन्तर्गत वडा नं. ४ र ५ वडा कार्यालय भवनको छाना जिपसमबाट निर्माण भएको र विभिन्न समयमा आउने हावाहुरी र वर्षाले क्षति पुग्न गएको दिर्घकालीन रुपमा समस्या देखिएको हुँदा उक्त छाना हटाउने सो सामग्री वडा कार्यालयले गाउँ कार्य कार्यपालिकाको कार्यालयलाई जिम्मा लगाउने र ढलान गर्ने निर्णय गरियो।

५. भगवतीमाई गाउँपालिका विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ पेश गरियो । दफावार रुपमा विस्तृत छलफल गरि अर्को बैठकमा स्वीकृत गर्ने ।

६. भगवतीमाई गाउँपालिका अन्तर्गत वडा नं. १ र २ को बीचमा पर्ने धौलेखोला र वडा नं. २ मा रहेको उकाली खोलामा वर्षामा आएको बाढीको कारण खोला दायाँ बाँयाको सडक तथा वस्तीमा असर पुग्न गएको हुँदा उक्त खोलाको व्यवस्थापन र सडक मर्मतको लागि कर्णाली प्रदेश प्रदेश स्थित मन्त्रालय र जिल्ला स्थित प्रदेश कार्यालयलाई बजेट व्यवस्थाको लागि अनुरोध गर्ने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |